प्रदेश नं. ७, प्रदेश सभा
दोस्रो अधिवेशन
बैठक संख्या-४१
सूचनापत्र-२
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल आश्विन ०१ गते आईतबार, बैठक सञ्चालन अवधि दिउंसो १.०९ देखि १:३१ बजे सम्म

- सर्वप्रथम मा० सभामुख ज्यूबाट दोस्रो अधिवेशनको एकचालिसौं बैठकको कार्वाही प्रारम्भ गर्नु भयो र सभा प्रारम्भ हुनासाथ माननीय सदस्य ज्यूहरुले हात उठाई समसामयिक विषयमा वोल्ने समय मांग भए वमोजिम मा०सभामुख ज्यू वाट अनुमती प्रदान भई निम्न माननीय सदस्य ज्यू आ-आफ्नो धारणा राख्नुभयो।

- मा.शुशिला वुढाथोकीले हुलाकी सडकको अवस्था दयनीय भएको कारणले दुर्घटना बढेकोले मर्मतका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउनु भयो।

- मा.हर्क वहादुर कुंवरले अछाम जिल्लाको विभिन्न ठांउमा गएको बाढी, पहिरोका कारण भएको धनजनको तत्काल क्षतिपूर्ति र पहिरो हटाइ बाटो सुचारु गर्ने लगायत अपाङ्ग परिचय-पत्र वितरणको लागि सरकारको ध्यानाकर्षण गराउनु भयो।

- मा.लाल बहादुर खड्काले कन्चनपुरको बेदकोट न.पा.को विभिन्न वडाहरुमा जङ्गली हात्तीले धानवाली र उखुखेती नोक्सान गरि जनता लाई आतङ्कित पारेकोले हात्ति लाई रोकथाम गर्न तत्कालको लागी फोकस लाईट,पटाका आदिको व्यवस्था ,जङ्गली जनावरहरुको आतङ्क रोक्न दीर्घकालीन उपायका लागी व्यवस्था हुनुपर्ने र शुक्लाफंटा न.पा.अन्तर्गत वा.नं. १ र १२ मा नदी नियन्त्रणको व्यवस्था गरि सो क्षेत्रका वासीन्दालाई सुरक्षित गर्न सरकारको ध्यानाकर्षण गराउनु भयो।

- मा.रतन वहादुर थापाले समाजमा घटिरहेका वलात्कार लगायत विभिन्न अपराधिक घटनाहरुमा अनुसन्धान गर्ने निकायवाट अनुसन्धान गरि मुद्दा दायर गर्नुको सट्टा आर्थिक कारोवारमा मिलापत्र गराउने प्रचलनले गर्दा अपराध गर्नेको मनोवल वढ्दै गएकोले प्रहरीले अनुसन्धान कार्य प्रभावकारीरुपमा गर्नुपर्ने धारणा राख्नुभयो।

- मा.गोविन्द राज वोहराले कन्चनपुरको निर्मला पन्तको बलात्कार पछि गरिएको हत्याकाण्ड लगायतका अन्य घटनाक्रमले गर्दा वालवालिका हरुलाई विद्दालय पठाउन समेत गाह्रो अवस्था भएकोले ७ दिन भित्रमा निर्मला पन्तको हत्यारा लाई पक्राउ गरि कारवाही गर्न सरकार लाई आग्रह गर्दै ७ दिन सम्म पक्राउ गरि कारवाही नगरेमा अन्य कार्यक्रमहरु अगाडी बढाईने धारणा राख्नुभयो।

- तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश नं. ७ को सहकारी सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७५ माथीको कारवाही प्रारम्भ भएको घोषणा गर्नु भई भूमिव्यवस्था,कृषी तथा सहकारी मन्त्री माननीय विनिता चौधरीलाइ लाई प्रदेश नं. ७ को सहकारी सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७५ लाई दफावार छलफलका लागी सामाजिक बिकास समितिमा पठाईयोस भनी प्रश्ताव पेसगर्न अनुमती प्रदान गर्नु भयो र भूमिव्यवस्था,कृषी तथा सहकारी मन्त्री माननीय विनिता चौधरीले उक्त विधेयक लाई दफावार छलफलका लागी सामाजिक विकास समितिमा पठाईयोस भनी प्रश्ताव पेस गर्नुभयो।

- तदोपरान्त मा० सभामुखज्यूबाट भूमिव्यवस्था, कृषी तथा सहकारी मन्त्री माननीय विनिता चौधरीले पेस गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु भयो र उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो।

- तत्पश्चात मा.सभामुख ज्युले अर्को बैठक मिति २०७५ आश्विन २ गते मङ्गलवारं दिनको १:०० बजे वस्नेगरी बैठक स्थगित भएको घोषणा गर्नु भयो।

.........................

(बालाराम शर्मा)
सचिव